## फिदिम नगर कार्यपालिका बैठक

**बैठक संख्या :- ३९**

**बैठक मिति : २०७७।०२।१८**

नेपालको संविधानको धारा २१४ (४) मा नगरपालिकाको कार्यकारिणी कार्य सञ्चालन नगर लिकाको नाममा हुने व्यवस्था भएकोले फिदिम नगर कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी धि, २०७४ को दफा १० बमोजिम नगर कार्यपालिका प्रमुख ओनाहाङ नेम्बाङ ज्यूको अध्यक्षतामा तको उपस्थितिमा बैठक बसी देहाय अनुसार निर्णयहरु गरियो ।

**तपसिल**

प्रमुख श्री ओनाहाङ नेम्बाङ

उपप्रमुख श्री उर्मिला प्रधान श्रेष्ठ

सदस्यश्री गजाधर भट्टराई

सदस्य श्री सुकपाल तुम्बापो

सदस्य श्री नरेन्द्र गुरुङ

सदस्य श्री प्रकाश गुरुङ

सदस्य श्री ~~लिला राज तुम्बापो~~ लोकनाथ भण्डारी

सदस्यश्री जरमान लिम्बु तुम्रोक

सदस्य श्री गोपाल प्रसाद गुरुङ

सदस्य श्री शेर बहादुर नेम्बाङ

सदस्यश्री बाल कृष्ण लावती का.वा. गंगा प्रसाद राई

सदस्य श्री बीर हाङमा थाम्सुहाङ

सदस्य श्री श्रीप्रासद घिमिरे

सदस्य श्री प्रेम नारायण आचार्य

सदस्य श्री टिका प्रकाश नेम्बाङ

सदस्य श्री हेम बहादुर फागो

सदस्य श्री खुस्बु धमला

सदस्य श्री तेज माया नेम्वाङ लिवाङ

सदस्य श्री चन्द्र माया तामाङ

सदस्य श्री मनिषा श्रेष्ठ विश्वकर्मा

सदस्य श्री बिमला कुमारी लिम्बु

सदस्य श्री हेम बहादुर सुनुवार

सदस्य श्री लक्ष्मी प्रसाद विश्वकर्मा

सदस्य श्री गणेश बहादुर वान्तवा

सदस्य-सचिव श्री अम्बिका प्रसाद अधिकारी

*प्रस्ताव नं. : १*

सातौं नगरसभामा पेश हुने नीति तथा कार्यक्रम तयारी सम्बन्धमा ।

*निर्णय नं. : १*

सातौं नगरसभामा नगरकार्यपालिकाको तर्फबाट पेश हुने आ.व. ०७७/७८ को नीति तथा कार्यक्रमको मस्यौदा तयारी गर्न देहाय अनुसार नीति तथा कार्यक्रम मस्यौदा उपसमिति गठन गर्ने र मिति २०७७/०२/३० को नगरकार्यपालिकामा पारितका लागि पेश गर्ने निर्णय गरियो ।

देहाय:

संयोजक – श्री श्रीप्रसाद घिमिरे

सदस्य – श्री नरेन्द्र गुरुङ

सदस्य – श्री गजाधर भट्टराई

सदस्य सचिव – श्री अम्बिका प्रसाद अधिकारी

*प्रस्ताव नं. : २*

राजश्व परामर्श समितिका सिफारिस र आर्थिक विधेयक तयारी सम्बन्धमा ।

*निर्णय नं. : २*

राजश्व परामर्श समितिले आगामी आ.व. ०७७/७८ को का लागि सिफारिस गरेका करका विषयहरूका सम्बन्धमा बैठकलाई जानकारी भयो ।नगरभित्र संभाव्य करका दर लगायत करका दायरा बढाउन आगामी आ.व. ०७७/७८ को लागि करनीति तथा आर्थिक विधेयकमा समावेश गर्नुपर्ने विषयवस्तुहरू एकिकृत गरी आर्थिक विधेयकको मस्यौदा तयार गर्न देहाय अनुसार उपसमिति गठन गर्ने र मिति २०७७/०२/३०को नगरकार्यपालिकाको बैठकमा पारितको लागि पेश गर्ने ।

देहाय:

संयोजक – श्री उर्मिला प्रधान श्रेष्ठ

सदस्य – श्री प्रेम नारायण आचार्य

सदस्य – श्री सुकपाल तुम्बापो

सदस्य सचिव – श्री अम्बिका प्रसाद अधिकारी

*प्रस्ताव नं. : ३*

आ.व. २०७७/७८ को बजेट, योजना तथा कार्यक्रम तयारी र पारित सम्बन्धमा ।

*निर्णय नं. : ३*

आ.व. २०७७/७८ का लागि प्राप्त वजेटसीमाका विषयमा जानकारी भयो । मिति२०७७/१/०९ को बजेट तथा श्रोत अनुमान समितिबाट वडामा प्राप्त बजेट सिलिङ र मार्गदर्शन वमोजिम योजना तथा कार्यक्रम छनोट र प्राथमिकिकरण गरी वडाले जेठ १५ गते भित्र अन्तिम योजना तथा कार्यक्रम विषयगत समितिहरूमा पेश गरिसक्ने भनेकोमा नसकिएकोले २०७७ जेठ २० गते भित्र विषयगत समितिहरूमा पेश गरिसक्ने ;आगामी आ.व. मा नगरभित्र सञ्चालन हुने वडास्तरबाट आएका योजना तथा कार्यक्रमहरूलाई आधार मानी विषयगत समितिले योजना तथा कार्यक्रमहरू तर्जुमा गर्न विषयगत निकाय, गैसस, सहकारी एवं अन्य सरोकारवाला निकायहरूबाट सञ्चालन गरिने कार्यक्रमहरूलाई एकिकृत गरी दोहोरोपन हटाइ विषयगत समितिहरूले आपसमा समन्वय गरेर प्राथमिकिकरण गरी योजना तथा कार्यक्रमहरू तर्जुमा गर्ने ;विषयगत निकायहरूबाट र नगरपालिकाबाट नगरभित्र सञ्चालन हुने योजना तथा कार्यक्रमहरू नगरसभामा स्वीकृतिको लागि पेश गर्न विषयगत समितिले योजना तथा कार्यक्रम तर्जुमा समितिमा मिति २०७७/०२/२५ भित्र पेश गर्ने र योजना तथा कार्यक्रम तर्जुमा समितिले मिति २०७७/०२/२९ सम्ममा बजेट तथा कार्यक्रमलाई अन्तिम रूप दिई जेठ ३० गतेको नगरकार्यपालिकाको बैठकमा पारितको लागि पेश गर्ने निर्णय गरियो ।

*प्रस्ताव नं. : ४*

फिदिम नगरपालिकाको सातौ नगरसभाको मिति तय गर्ने र प्रमुख अतिथी आमन्त्रण गर्ने सम्बन्धमा ।

*निर्णय नं. : ४*

फिदिम नगरपालिकाको सातौ नगरसभा सम्पन्न गर्न मिति तय सहित नगरसभाको सबै तयारी गर्न देहाय अनुसारको नगरसभा तयारी समिति गठन गर्ने निर्णय गरियो ।

देहाय:

संयोजक – श्री सुकपाल तुम्बापो

सदस्य – श्री प्रकाश गुरुङ

सदस्य – श्री तेजमाया लिवाङ

सदस्य – श्री प्रेम काफ्ले

सदस्य – श्री विनोद काफ्ले

सदस्य सचिव – श्री हाङनारायण हाङसरुम्बा

यस समितिले सभाको कार्यक्रम तय गरी मिति, समय, कार्यसूची, स्थान तोकी सबै सदस्यलाई आमन्त्रण गर्ने र नगरसभाको उद्घाटनका लागि प्रमुख अतिथीलाई नगरप्रमुखसँग समन्वय गरी आमन्त्रण गर्ने निर्णय गरियो।

*प्रस्ताव नं. :* ५

मिनी कोल्ड रूम निर्माण सम्बन्धमा।

*निर्णय नं.* : ५

मिनि कोल्ड रुम निर्माणका लागी १ नं. प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयबाट फिदिम नगरपालिकालाई प्राप्त सशर्त अनुदान अनुसारको कार्यक्रम सञ्चालन गर्न फिदिम नगरपालिका वडा नं. ४ स्थित देउराली *बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड*को नाममा मालपोत श्रेस्ता कायम रहेको कि.नं. ४३२, क्षेत्रफल २ -०- ०- ० को जग्गामा निर्माण गन उक्त सहकारी संस्थासँग सम्झौता गर्ने र सो कार्यक्रमको सञ्चालनबाट प्राप्त आय देउराली बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड र फिदिम नगरपालिकाले क्रमश: पचहत्तर र पच्चीस प्रतिशत बाँडफाँड गर्ने निर्णय गरियो।

*प्रस्ताव नं. :* ६

आ.व. २०७७/७८ मा लगाउनुपर्ने ठेक्काहरुको सम्बन्धमा।

*निर्णय नं.* : ६

नगरपालिकाबाट आ.व. २०७७/७८ लगाउनुपर्ने ठेक्काहरूका लागि राजश्व परामर्श समितिले गरेको सिफारिस र साविकमा पारित दररेटका आधारमा देहायअनुसार न्युनतम कबोल अंक कायम गरी सार्वजनिक सूचना गर्ने निर्णय गरियो।

देहाय:

१. ढुंगा गिट्टी बालुवा र दहतर वहतर - रु. सत्रलाख पचास हजार मात्र (रु.१७,५०,०००।००)
२. सवारी कर र पार्किङ- रु. पाचलाख मात्र (रु.५,००,०००।००)
३. विज्ञापन कर- रु. एकलाख पचासहजार मात्र (रु. १,५०,०००।००)
४. निकासी कर- रु. पाचलाख मात्र (रु.५,००,०००।००)
५. हाटबजार कर- रु. एकलाख मात्र (रु. १,००,०००।००)
६. भ्यू टावर सञ्चालन व्यवस्थापन ठेक्का- रु दुईलाख मात्र (रु. २,००,०००।००)

*प्रस्ताव नं. :* ७

रेडियो शिक्षा शिक्षण कार्यक्रमको प्रस्ताव सम्बन्धमा।

*निर्णय नं. :* ७

प्राज्ञ हरिचन्द्र लावतीले पेश गरेको र शिक्षा समन्वय इकाईबाट सिफारिस भइ आएको लकडाउन अवधिमा विद्यालय शिक्षा शिक्षणका लागि रेडियो शिक्षण कार्यक्रमको प्रस्तावका विषयमा जानकारी भयो ।यसमा नगर शिक्षा समिति र माविका प्र.अ.हरूको बैठकबाट प्रतिकृया तथा परामर्श लिई पुनः छलफल गरी निष्कर्षमा पुग्ने र विद्यालय शिक्षणका अन्य वैकल्पिक उपायहरूको विषयमा समेत राय सुझाव दिने लिने र सिफारिस गर्ने निर्णय गरियो ।

*प्रस्ताव नं. : ८*

भिटिएम खरिद गरी परीक्षणमा प्रयोग गर्ने र जिल्ला अस्पताललाई शव व्यवस्थापन सामग्री खरिद र हस्तान्तरण गर्ने सम्बन्धमा ।

*निर्णय नं. : ८*

भारतबाट नेपाल आउने फिदिम नगरपालिका भित्रका नेपाली नागरिकहरूको पिसिआर परीक्षणका लागि Viral transport media (VTM) अर्थात भाइरस कलेक्सन ट्युव अधिकतम ५०० को संख्यामा खरिद गर्ने ; फिदिम नगरपालिका अन्तर्गतका सबै आधारभूत स्वास्थ्य केन्द्रहरु प्रत्येक कालागी २।२ थान पिपिइ र १।१ थान थर्मल गन खरिद गरी उपलब्ध गराउने र पाँचथर जिल्ला अस्पतालले अनुरोध गरे बमोजिम शव व्यवस्थापन गर्न आवश्यक पर्ने न्युनतम देहाय अनुसारका सामाग्रीहरु खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

देहाय:

१. डेडबडी व्याग-५ थान
२. KN95 मास्क-१५ थान
३. PPE Set- १५ सेट
४. सोडियम हाइपोक्लोराईड- ५ लि एकजार
५. युटिलिटी ग्लोभ्स- १० जोर
६. सर्जिकल ग्लोभ्स- १५ जोर
७. फर्मालिन ट्याब- १२५ ट्यावलेट
८. प्लाष्टिक सीट- २० मिटर
९. स्प्रेयर मेसिन- १ पिस
१०. प्लाष्टक डोरी- ५ रोल

साथै, यी सबै समाग्रीहरु कोरोना विपद् कोषबाट खरिद गर्ने निर्णय गरियो ।

*प्रस्ताव नं. : ९*

जारी बन्दाबन्दी (लकडाउन) को कारण उद्यमी/व्यवसायी/घरधनीहरुलाई कर छुट गर्ने सम्बन्धमा ।

२०७७।१।६

*निर्णय नं. : ९*

चैत्र ११ देखि भएको निरन्तर लकडाउनका कारण घरभाडामा रहेका व्यापार– व्यावसाय , उद्योग आदि बन्द अवस्थामा रहेकोले तिनको समस्या समेतलाई ध्यानमा राखी नगरपालिकालाई ०७६।०७७ मा तिर्नु बुझाउनुपर्ने घरबहाल तथा व्यावसायसम्बन्धी दर्ता तथा नविकरणको लागी तोकिएको कुल करमध्ये यहि २०७७ असार मसान्त भित्र दाखिला गर्न आएमा २५ प्रतिशत कर छुट दिने र घरधनीहरूलाई समेत घरबहालमा सहुलियत प्रदान गरिदिन वा छुट दिन अनुरोध गर्ने ;हाटबजार र दहत्तरबहत्तरको ठेक्का समेत यस अवधिमा नचलेकोले ठेकेदारले दिएको आवेदन उपर छलफल हुँदा निजहरुलाई समेत लकडाउन अवधि ४ महिनालाई आधार मानी कवोल अंकमा २५ प्रतिशत छुट गरी यही असार मसान्त भित्रै रकम जम्मा गर्न अनुरोध गर्ने; यसरी छुट दिदा पनि चालु आ.व भित्र कर छुट दिदा पनि नबुझाउने करदाताको हकमा भने तोकिएअनुसार जरिवाना र पुरै कर बुझाउन पर्ने जानकारी सहितको सार्वजनिक्ि सूचना गर्ने र करदाताहरूको लगत संकलन गर्न नगरका कर्मचारी घरदैलोमा आउने भएकोले लगत फारम भरिदिन र नियमित कर बुझाइदिन सबै करदाताहरूमा अनुरोध गर्ने निर्णय गरियो ।

*प्रस्ताव नं. : १०*

जेष्ठ नागरिक दन्त सिविर सम्बन्धी प्रस्ताव सम्बन्धमा ।

*निर्णय नं. : १०*

हेल्पिङ युथ इटहरीले लागत साझेदारीमा जेष्ठ नागरिक दन्त सिविर सञ्चालनका लागी पेश गरेको प्रस्ताव वारे बैठकमा जानकारी भयो ।सो सम्बन्धमा वडाहरूबाट तथ्याङ्क संकलन भएपछि आवश्यकता समेतलाई ध्यानमा राखी थप छलफल गरी निष्कर्षमा पुग्ने निर्णय गरियो ।

*प्रस्ताव नं. : ११*

विदेश (भारत र तेश्रो मुलुक) बाट फर्कने नेपालीहरूको अभिलेख अद्यावधिक गर्ने सम्बन्धमा ।

*निर्णय नं. : ११*

भारतबाट फिदिमका नागरिक घर फर्कने क्रम शुरू भएको छ । कपिलबस्तु, भैरहवा, झापामा फिदिमका नागरिक आइसकेको जानकारी भएको छ । विदेशबाट क्रमशः फर्काउने प्रकृया निर्धारण नेपाल सरकारले गरिरहेको छ । तिनलाई क्वारेन्टाइन व्यवस्थापन र पिसिआर परीक्षण गर्न योजना वनाउन समेत तथ्याङ्क जरूरी छ । शिक्षक, शिक्षिका, स्वास्थ्यकर्मी, महिला स्वयंसेविका, जनप्रतिनिधि, सामाजिक अगुवाबाट तथ्याङ्क संकलन गर्न

सम्बन्धित वडा अध्यक्ष र वडासमिति क्रियाशिल हुने र ७ दिनभित्र आफ्नो वडाको तथ्याङ्क जिल्ला प्रशासन कार्यालय, पाँचथरमा र फिदिम नगरपालिकाको कार्यालयमा उपलब्ध गराउने निर्णय गरियो।

*प्रस्ताव नं. : १२*

सामाजिक सुरक्षाको अभिलेख अद्यावधिक गर्ने / गराउने सम्बन्धमा।

*निर्णय नं. : १२*

हरेक वडाका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरु र दोश्रो चौमासिकमा छुट हुन गएका व्यक्तिहरुको अभिलेख तोकिएको प्रकृया पूरा गरी यहि जेष्ठ मसान्त भित्र अद्यावधिक गरी नगर कार्यपालिकाको कार्यलयमा पेश गर्ने र सामाजिक सुरक्षा पाउने व्यक्तिहरुको बैंक खाता एउटै बैंकमा खोल्ने व्यवस्था मिलाउन वडासमितिलाई अनुरोध गर्ने निर्णय गरियो।

*प्रस्ताव नं. : १३*

नगरपालिकाको फोहरमैला व्यवस्थापनको काम निजी क्षेत्रलाई ठेक्कामा दिने सम्बन्धमा।

*निर्णय नं. : १३*

नगरपालिकाको फोहरमैला व्यवस्थापनको काम निजी क्षेत्रलाई ठेक्कमा दिदा प्रभावकारी हुने देखिएकाले चालु आ.व.मा यसमा भएको खर्च र अन्य नगरपालिकाहरुले गरेको कार्यानुभव समेतलाई विचार गरी ठेक्काको अधिकतम अंक निर्धारण गर्ने र ठेक्का प्रकृयामा जान सार्वजनिक सूचना गर्ने निर्णय गरियो।

*प्रस्ताव नं. : १४*

शिक्षा विभागबाट प्राप्त शशर्त अनुदानबाट पाँच वटा विद्यालयमा भएको रेट्रोफिटिङ कामको सम्बन्धमा।

*निर्णय नं. : १४*

यस कार्यको विद्यमान समस्या समाधान गर्न कागजात अध्ययन तथा स्थलगत अवलोकन गरी लागत अनुमान, कार्यसम्पादन र प्राविधिक मूल्यांकन लगायतको आधारमा फरफारक गर्न राय सुझाव सहितको प्रतिवेदन तयार गरी अर्को कार्यपालिकाको बैठकमा पेश गर्न प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो।

*प्रस्ताव नं. : १५*

प्राविधिक शिक्षालय स्थापना र सञ्चालन सम्बन्धमा।

*निर्णय नं.* : १५

फिदिम नगरपालिका –३, लालीखर्क स्थित शहीद प्रतिष्ठानको नाममा रहेको जग्गामा शहीद स्मृति बहुप्राविधिक शिक्षालय स्थापना र सञ्चालनको लागी उपयुक्त शिक्षण संस्था, शहीद प्रतिष्ठान र सरोकारवालाहरुसँग समन्वय गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद(CTEVT)सँग सम्बन्धन लिन र विषय छनौट गर्न आवेदन गर्ने। सञ्चालन र व्यवस्थापनका लागी आवश्यक रकमको प्रस्ताव विशेषज्ञबाट तयार गरी पेश गर्ने । निर्माण कार्यको लागी अधिकतम पाँच(५) प्रतिशतसम्म मात्र लागत साझेदारी गर्न सकिने निर्णय गरियो ।